# माध्यम बनाउनुको हुकुम

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

2013 - 1434

IslamHouse.com

# حكم الوسيلة

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1434

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

## लेखकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैँयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैँयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

हरेक प्रकारको प्रशंसा अल्लाहको लागि छ जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत लेखमा मैले वैध र अवैध माध्यमलाई प्रष्ट गर्ने प्रयास गरेको छु, जसबाट अवैध माध्यममाथि विश्वास राख्नेहरुलाई सत्यको ज्ञान हुनेछ, र उनीहरु आफ्नो अंधविश्वासको भ्रमबाट निस्की सत्मार्गतिर लाग्ने छन् ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट सर्वसृष्टिलाई फाईदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मेरो र मेरो घरपरिवारका समस्त सदस्यहरूको मुक्तिको माध्यम बनाई स्वर्ग प्रदान गरुन् (आमीन)

**लेखक**
**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**
**तौलिहवा कपिलवस्तु नेपाल**
**मो.नं. ००९७७–९८४७०३०७८०**
**Mob.00977-9847030780**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

हाम्रो समाजमा वसीला ( माध्यम ) बनाउनु र त्यसबाट सहायता पाउने आशा राख्नु अति प्रचलित छ , वास्तवमा मनुष्य आर्कासित सहायताको इच्छुक हुन्छ, र यसै कारण गाउँ र समाज बनाइएको छ कि एक आर्काको सहयोग होस्, यदि एक आपसमा कुनै सहयोग छैन भने सामूहिक बसोबासको कुनै अर्थ छैन, र गाउँ समाजको कुनै लाभ हुँदैन ।
बतिपय जना इस्लममाथि र विशेष गरी इस्लामको एउटा विशेष समूहमाथि यो दोषारोपण गर्छन् कि यिनीहरु भन्छन् कि कसैलाई सहायताको लागि माध्यम बनाउनु जायज छैन ।
तर वास्तवमा यो आक्षेप निराधार छ । जब सम्म तपाई यसको बारेमा विस्तृत जानकारी प्राप्त गर्नुहुन्न यस्तै लाग्छ कि यो लान्क्षना सत्य हो । म तपाईहरु समक्ष विस्तृत जानकारी कुरआन र हदीसको प्रकाशमा राख्दछु, र साथै आशा छ कि तपाईलाई यो ज्ञानबाट लाभ प्राप्त हुनेछ ।

वसीला (माध्यम) दुई प्रकारका हुन्छन्, **वैध र अवैध** ।
**अवैध वसीला :** यो दुई प्रकारका छन् :
**१-** कसै नबी वली पीर फकीर... आदिलाई उनीहरुको मरणोपरान्त माध्यम बनाउनु र भन्नु कि अल्लाह फलाँ नबी एवं वलीको प्रतापले मलाई नर्कबाट मुक्ति देऊ वा मेरो यो कार्य सम्पन्न भइजाओस् वा मेरो यो विरामी संचो भइहालोस् आदि । यसो गर्नु र भन्नु हराम र अवैध छ, किनकी सहाबाहरु (रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरु) नबी सल्लल्लाहो अलैहे वसल्लमको मरणोपरान्त उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई माध्यम बनाउनु भएन बरु उहाँको काका इब्ने अब्बासलाई माध्यम बनाई दुआको लागि आग्रह गर्नु भयो । यसबाट यो प्रष्ट हुन्छ कि मृतकलाई माध्यम बनाउनु जायज

छैन चाहे त्यो अल्लाहको निकट्तम नबी किन नहोस् र स्वर्गदूत किन नहोस् ।
अल्लाहको फर्मान छ :
अर्थ : उस कहाँ कसैको सिफारिश लाग्दैन, किन्तु उसको मात्र जसलाई उसले अनुमति दिएको छ । ( सूरतु सबा २३)
**२-** भक्त अल्लाहको नबी वली एवं पीर फकीरको शपथ अल्लाहलाई दिई वा यिनीहरुको प्रतापको शपथ लिई अल्लाहसित आफ्नो अवश्यकता पूर्ण गर्ने आग्रह गरोस् । अर्थात यो भनोस् कि अल्लाह तिमीलाई तिम्रो नबी एवं वलीको शपथ मेरो यो मनोकामना पूर्ण गरिदेऊ । यस्तो भन्नु अवैध छ किनकी रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएछ :
अर्थ : यदि तिमी शपथ लिने नै छौ भने अल्लाहको शपथ लेऊ नत्र चुप लागेर बसीराख । ( बुखारी )
र आर्को हदीसमा छ :
अर्थ : तिमीहरु अआफ्ना पूर्वजहरुको शपथ नखाऊ ...। ( इब्ने माजा )
र आर्को हदीसमा छ :
अर्थ : जसले अल्लाह बाहेक कसैको कसम खायो त्यसले कुफ्र वा शिर्क गऱ्यो । ( तिर्मिजी )
यो हदीसहरुबाट हामीलाई यो थाहा हुन्छ कि अल्लाह बाहेक कसैको शपथ दिनुलिनु जायज छैन । फेरि कुनै सृष्टिको शपथद्वारा हामी कसरी अल्लाहसित माँग्न सक्छौं यो त अरु जघन्य अपराध हो । तसर्थ हे भाइहरु यस्ता अवैध क्रियाकलापलाई छाडी सुर्माग तर्फ लाग र अल्लाहसित प्रत्यक्ष दुआ गर त्यो सबैको दुआ सुन्नेवाला हो । अल्लाहको फर्मान छः
अर्थ : र तिम्रो पालनकर्ताको आदेश छ कि "तिमी मसित प्रार्थना गर, म तिम्रो प्रार्थना स्वीकार गर्नेछु । जुन मानिसहरू मेरो उपासनाबाट घमण्डले अहंकार गर्छन्, अति शीघ्र नरकमा तिरस्कृत भई प्रवेश गर्ने छन् । ( सूरतु गाफिर ६० )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :
अर्थ : (हे पैगम्बर !) जब तपाईसित मेरा भक्तहरूले मेरो बारेमा प्रश्न गरुन, तपाई तब भनि दिनुस् कि म (अल्लाह) तिम्रो धेरै नजिक छु मलाई पुकार्ने प्रत्येक व्यक्ति जहिले पुकार्दछ म स्वीकार गर्दछु। तसर्थ तिनीहरूलाई पनि यो आवश्यक छ कि मेरा आदेशलाई मानुन् र म माथि आस्था राखुन् ताकि सत्य बाटो पाउन सकुन्। ( सूरतुल् बकरः १८६)
र सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएछ :
अर्थ : जुन मान्छे अल्लाहसित माँग्दैन अल्लाह उसमाथि क्रोधित हुन्छन्।
त हे भाइहरु आफ्नो पालनकर्तालाई किन क्रोधित गर्नु हुन्छ, जब त्यो बिना कुनै माध्यम सुन्ने त्यार छ र न माँगेको खण्डमा क्रोधित पनि हुन्छ त किन माध्यमको अवश्यकता पर्‍यो, र यदि माध्यम चाहिन्छ भने जायज माध्यमबाट नै अल्लाहको कृपा खोज्नु नै उचित हुन्छ, र जायज वसीलाको विवरण अगाडी आउँदै छ।

**वैध ( जायज ) वसीला :** तीन प्रकारका छन्।
**१-** अल्लाहका नाम र विशेषताहरुलाई माध्यम बनाई माँग्नु। अर्थात यो भन्नु : हे रहीम (दयावान) हे सर्वशक्तिमान तिमीलाई तिम्रो शक्तिको वास्ता मलाई यो देऊ, मेरो विरामीलाई संचो पारिदेऊ.....आदि । यो भन्नु कुरआनबाट प्रमाणित छ अल्लाहको भनाई छ :
अर्थ : र राम्रा-राम्रा नाम अल्लाहकै लागि हुन्। यसर्थ ती नामहरूद्वारा नै उसलाई पुकार र यस्ता मानिस सित सम्बन्ध पनि नराख जो उसको नामको सम्बन्धमा कुटिलता गर्छन्। यिनीहरू यसका निम्ति अवश्य नै दण्ड पाउने छन्। ( सूरतुल् अअ्राफ १८० )
**२-** आफ्नो सुकर्मलाई माध्यम बनाई दुआ माँग्नु। जस्तो कि बुखारीमा छ कि तीन जनाले आफ्नो सुकर्मलाई माध्यम बनाई

अल्लाहसित दुआ गर्नु भयो र त्यस कष्टबाट मुक्तिको प्रार्थना गर्नु भयो जुन उनीहरुमाथि आई परेको थियो । कुरो यो थियो कि तीन जना एउटा गुफामा वर्षाबाट बाँच्नुको लागि शरण लिएका थिए कि एक्कासी त्यस गुफाको मुहानलाई एउटा चट्टान ( ठूलो ढुङ्गा ) ले आइछोप्यो, अनि तीनै जनाले पालै पालो अआफ्ना सत्कर्मलाई माध्यम बनाई अल्लाहसित प्रार्थना गरे, एउटाले भन्यो हे अल्लाह तिमी त सर्वज्ञाता हौ तिमीलाई त थाहै छ कि म गोठाला हूँ र मेरा बुढ्ेसकालमा पुगेका बा आमा छन् र मेरो दैनिक कार्य यो नै थियो कि बाख्रा चराउँथें र बेलुका घर फर्केर आए पश्चात दूध दूहेर सबै धन्दा पहिला आफ्नो बा आमालाई खुवाउँथें अनि आफ्ना जहान परिवारलाई खान दिन्थें, तर एक दिन यस्तो भयो कि बाख्रा चराउँदाखेरि रात्री भयो अनि म जब घर फर्केर आएं र दूध दूहेर बा आमा निकट पुगें त के हेर्छु कि उनीहरु निदाएका छन् अनि म दूध लिएर उनीहरुको सिरानामा ( टाउको नजिक ) उभें र मेरो बच्चाहरु भेकले ब्याकुल थिए तै पनि उनीहरुलाई मैले बा आमा भन्दा पहिला दूध खान दिएन, अनि म बा आमाको निद्राबाट जाग्ने प्रतिक्षा गरिरहें यहाँ सम्म कि विहान भयो र जब उनीहरु जागे त उनीहरुलाई दूध खुवाए पश्चत मात्र आफ्ना बच्चाहरुलाई दूध खान दिएं त हे अल्लाह यदि यो कार्य मैले तिम्रो प्रसन्नता पाउनको लागि गरेछु भने हामीमाथिबाट यो कष्टलाई हटाइदेऊ, अनि त्यो चट्टान गुफाको मुहानबाट अलि हट्यो । अनि दोस्रो व्यक्तिले भन्यो हे अल्लाह तिमीलाई त सबै थाहा छ र तिमी हृदयका कुरालाई पनि जान्नेवाला हौ, म आफ्नो काकाकी छोरीलाई प्रेम गर्थें र त्यससित आफ्नो वासनाको पूर्ति चाहन्थें तर त्यो मेरो हात लाग्दैन्थ्यो, तर एक समय यस्तो आयो कि अन्नकाल पऱ्यो र त्यस युवतीसित खाने कुरा नभएको कारण मसित ऋणको प्रश्न गऱ्यो अनि मैले भनें यदि तिमी मेरो इच्छाको पूर्ति गर्नेछौ भने म तिमीलाई ऋण दिने त्यार छु, त्यसले सहमति

जनाए पश्चात हामी कोठा भित्र गऐं तर त्यो युवती सदाचारी थियो जब म त्यसको दुवै खुट्टा बीच बसें त त्यसलाई कम्पित अवस्थामा पाऐं अनि त्यसले रुँदै भन्यो हे फलानो अल्लाहबाट भय मान र यस्तो कुकर्म नगर, अनि मेरो हृदयमा अल्लाहको भय जाग्रित भयो अनि हे अल्लाह तिम्रो प्रसन्नता पाउनको लागि म आफ्नो त्यो कुकर्मबाट रुकें, त हे अल्लाह यदि यो कार्य मैले शुद्ध हृदयले मात्र तिम्रो प्रसन्नता पाउनको लागि गरेछु भने हाम्रो सहायता गर र हामीलाई यस कष्टबाट मुक्ति प्रदान गर, अनि त्यो चट्टान आधाभन्दा अधिक हट्यो । त तेस्रोले भन्यो हे अल्लह तिमी त सर्वगुण सम्पन्न हौ तिमीलाई त थाहै छ कि एउटा मान्छेलाई म मजदूरीमा राखेथिऐं अनि त्यो मजदूर आफ्नो परिश्रमिक नलिई फर्क्यो, अनि मैले त्यसको परिश्रमिकलाई व्यवसायमा हालिदिऐं त त्यसको मालमा धेरै उन्नति भयो, अनि एक दिन त्यो आएर भन्यो हे फलान् मेरो परिश्रमिक मलाई देऊ मैले भनें हे भाइ यो जनावरहरुको जत्था तिम्रै हो यसलाई स्वीकार गर, उसले भन्यो म गरीबसित किन हाँसी गरिरहनु भएछ, मैले भनें हे बाबु यो उपहास होइन बरु मैले तिम्रो परिश्रमिकलाई व्यवसायमा हालेका थिएँ र त्यसमा उन्नति भएकोले तिम्रो माल यत्रो भयो, अनि तयो आफ्नो सम्पत्ति लिएर खुशियाली मनाउँदै फर्क्यो, त हे अल्लाह यदि मैले यो कार्य तिम्रो प्रसन्नता पाउनको लागि गरेछु भने हामीलाई यस कष्टबाट मुक्ति प्रदान गर । अनि त्यो चट्टान गुफाको मुहानबाट पूर्णरूपले हट्यो, अनि उनीहरु अल्लहको प्रशंसा गर्दै बाहिर निस्के । ( बुखारी किताबुल् बुयूअ् )

त हे भाइहरु हामी पनि यस्तै गर्न सक्छौं र हामी पनि भन्न सक्छौं कि हे अल्लाह हाम्रो फलाँ सुकर्मको माध्यमले हामीलाई मुक्ति प्रदान गर, विरामी संचो गर, मेरो कष्ट हटाइई देऊ....आदि ।

३- कसै यस्तो जीवित र उपस्थित मान्छेलाई माध्यम बनाउनु जुन तिम्रो सहायतामाथि शक्ति राखोस् ।

अर्थात यो भन्नु कि हे भाइ तपाई मेरो यो कार्यमा सहायता गर्नुस् वा यो भन्नु कि हे भाइ तपाई हाम्रो लागि अल्लाह सित दुआ गरिदिनुस् किनकी तपाई हामीहरु भन्दा असल मान्छे हुनुहुन्छ । यस्तो गर्नु जायज छ किनकी अल्लाहको फर्मान छ :

अर्थ : जुन व्यक्तिले असल कामको लागि सिफारिश गर्दछ, उसले पनि त्यसबाट केही भाग प्राप्त गर्नेछ र जसले नराम्रा कुराको सिफारिश गर्नेछ उसले त्यसको केही अंश पाउनु पर्नेछ । र अल्लाह प्रत्येक कुरो माथि सर्वशक्ति सम्पन्न छ । ( सूरतुन् निसा ८५ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : संयम्पूर्ण र भलाईका कामहरूमा एक अर्काको मद्दत गर्ने गर र गुनाह (अपराध) र अत्याचारका कुराहरूमा सहयोग नगर, र अल्लाह सित डर मान्ने गर । निःसन्देह अल्लाह कठोर दण्ड दिनेवाला हो । ( सूरतुल् माइदः २ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : अल्लाह भक्तको सहायता त्यस समय सम्म गर्दै रहने छ जब सम्म भक्त आफ्नो भाइको सहायता गर्नेछ । ( मुस्लिम )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : आस्थावान मान्छे आस्थावान मान्छेहरुको लागि घरका पर्खालहरु जस्तै छ जुन एक आर्कालाई शक्तिवान बनाउँछन् अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो हातका औंलाहरुलाई एक आर्कासित मिलाउनु भयो । ( बुखारी, मुस्लिम )

र आर्को हदीसमा छ :

अर्थ : आस्थावानहरुको आपसमा प्रेम र दया एवं स्नेहको उदाहरण शरीर जस्तो छ कि जब त्यसको कुनै अंगलाई कष्ट पुग्छ त त्यस अंगको साथ समस्त शरीरका अंगहरु रातभरी जाग्दै रहन्छन् । ( बुखारी, मुस्लिम )

अर्थात यदि कुनै मुस्लिम भाइलाई कष्ट पर्छ भने सबै मिलेर उसको सहायता गर्छन् ।

प्रिय भाइहरु ! यस कुरामा कुनै संदेह छैन कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको शरीर र व्यक्तित्व कल्याणकारी र बरकतवाला थियो र उहाँका साथीहरु यो कुरोलाई राम्री जान्दथे, र उहाँले वजू गरेको पानीलाई अआफ्नो शरीरमा लगाउँथे तर यो कुरो उहाँको जीवनमा मात्र थियो उहाँको परणोपरान्त यो गर्नु असम्भव छ, र उहाँका साथीहरु उहाँको मृत्यु पश्चात उहाँलाई माध्यम बनाएनन् । जब मृत्यु पश्चात उहाँ रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई माध्यम बनाइन सकिदैन त अरु मृतकहरुलाई माध्यम बनाउनु कहाँको निसनफ हो ?

जुन मान्छेहरु मरेर चिहान भित्र पुगिसके छन् तिनी स्वयम् सहायताको अभिलाषी हुन्छन् उनीहरु तपाईको सहायता कसरी गर्न सक्छन् । अल्लाहको फर्मान छ :

अर्थ : यदि तिमी उनीहरूलाई पुकार्दछौ भने उनीहरू तिम्रो पुकार सुन्ने छैनन् । र यदि (मानिलिउँ) सुनि पनि हालेछन् भने तिम्रो कुरालाई स्वीकार गर्न सक्ने छैनन् र कियामतका दिन उनीहरूले तिम्रो यस शिर्क ठहराउने कुरोबाट इन्कार गर्नेछन् र तपाईंलाई कसैले अल्लाह झैं खबरहरू दिने छैन । हे मानिसहरू! तिमी अल्लाहको मुखापेक्षी (भिखारी) हौ र अल्लाह त निष्पृह, र सर्वगुणवान छ । ( सूरतु फातिर १४,१५ )

प्रिय भाइहरु ! यो कथनबाट नै प्रमाणित छ कि चिहानमा पूरिएका मान्छेहरु सहायता गर्न सक्दैनन्,  फेरि हामीहरु कहाँ भ्रमित भइराखेका छौं । अल्लाहको आदेशहरुलाई दृढतापूर्वक समात्नुस् र उसैको नाम र विशेषताहरुलाई माध्यम बनाई आफ्नो अवश्यकताको पूर्तिको लागि दुआ गर्नुस् । इन्शाअल्लाह तपाईहरुको समस्त मनोकामनाहरु पूर्ण भइहाल्ने छ ।

मेरो अल्लाहसित यो प्रार्थना छ कि अल्लाह हामी सबैलाई सही र वैध माध्यमलाई प्रयोग गर्ने बुद्धि र विवेक प्रदान गरुन् र ती सबै अवैध र हराम क्रियाकलापबाट बाँच्ने शक्ति प्रदान गरुन् र रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका साथीहरुको पद्धतिमा हिंडने सहास प्रदान गरुन्, र हाम्रा सबै मनोकामनाहरुलाई पूर्ण गरुन्, र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् , र हाम्रा निःसंतान दाजुभाइ र दिदिबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् , र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परेणित गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# *समाप्त*

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वार्ड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780

00966-0501372254